प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

# फलफूल खेती प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

स्वीकृत मिति:

**प्रस्तावना :** अधिकांश जनता जिविकोपार्जन र रोजगारीका लागि निर्भर रहेको नेपालको कृषि क्षेत्रको राष्ट्रिय अथतन्त्रमा महत्वपूर्ण भूमिका रहेको छ । कृषि क्षेत्रको गार्हस्थ उत्पादनमा बागवानी क्षेत्रको महत्वपुर्ण हिस्सा रहेको छ । मुलुकको भौगोलिक एवं हावापानीको विविधताका कारण तराई देखि उच्च पहाडसम्म विभिन्न प्रकारका फलफूल बाली उत्पादन हुने गरेको छ ।तथापि कृषि तथा पशुपन्छी विकास मन्त्रालयको फलफूल सम्बन्धी पछिल्लो तथ्याङ्क अनुसार निर्यातको दाँजोमा आयातको परिमाण धेरै रहेको देखिन्छ । तसर्थ, खाद्य पोषणमा टेवा पुऱ्याउन एवम् फलफूलमा आत्मनिर्भर भई क्रमश: आयात प्रतिस्थापन गरी निर्यात प्रवर्द्धन गर्न फलफूल उत्पादन र उत्पादकत्व वृद्धि तथा यस क्षेत्रको व्यवसायिकरण गर्नु जरुरी छ । फलफूलको क्षेत्र बिस्तार तथा उत्पादन वृद्धिमा आधुनिक खेती प्रविधि, उच्च घनत्वमा बिरुवा रोपाई तथा नविनतम प्रविधिको प्रयोग जस्ता विषयहरु सहायकसिद्ध हुन सक्छन् । संभावित् जग्गाहरुलाई उपयोग गरी फलफूल खेती विस्तार गरी उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने एवं कृषकहरुको जीवनस्तर सुधार गर्ने उद्देश्यले प्रदेश नं. ३ सरकारले फलफूल खेतीको व्यवसायिकरणलाई विशेष महत्व दिई फलफूल खेती प्रर्वद्धनका लागि आ.व.२०७५/७६ मा बजेट विनियोजन गरी कार्यक्रम संचालन गर्ने व्यवस्था समेत गरेको हुँदा सो कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न तथा प्रादेशिक तहमा फलफूलको विकास र विस्तार गर्न "फलफूल खेती प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" मन्त्रालयले स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यो कार्यविधिको नाम "फलफूल खेती प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. <u>कार्यविधि लागु हुने क्षेत्र :</u> यो कार्यविधि प्रदेश नं. ३ अन्तर्गतका जिल्लाहरुमा लागु हुनेछ।स्वीकृत वार्षिक कार्यक्रममा तोकीएकोमा सोही जिल्लाहरुमा लागु हुनेछ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

३. <u>परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क)"कमाण्ड क्षेत्र" भन्नाले बार्षिक स्वीकृत कार्यक्रममा उल्लेख भएका क्षेत्रमा कार्यक्रम सञ्चालन गरिने क्षेत्रहरु भन्ने सम्झनुपर्दछ।

(ख)"कृषि ज्ञान केन्द्र" वा "ज्ञान केन्द्र" भन्नाले यस प्रदेश अन्तर्गतको "कृषि ज्ञान केन्द्र" सम्झनु पर्दछ।

(ग)"प्रयोगशाला" भन्नाले यस प्रदेश अन्तर्गतको प्रयोगशालाहरु सम्झनु पर्दछ।

(घ)"फलफूल खेती प्रवर्द्धन कार्यक्रम" भन्नाले विभिन्न भौगोलिक हावापानीमा खेतीहुने फलफूलहरु र तत्सम्बन्धी उत्पादन तथा बिक्री वितरण सम्बन्धी क्रियाकलापहरु भन्ने सम्झनु पर्दछ ।

(ङ)"फार्म केन्द्र" वा "केन्द्र" भन्नाले यस प्रदेश अन्तर्गतका फार्म केन्द्रहरु सम्झनु पर्दछ।

(च)"मन्त्रालय" भन्नाले प्रदेश नं. ३ को भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्दछ।

(छ)"निर्देशनालय" भन्नाले प्रदेश नं. ३ को कृषि विकास निर्देशनालय सम्झनु पर्छ ।

(ज)"समूह" वा "कृषक समूह" भन्नाले प्रदेश नं. ३ अन्तर्गतका निकायमाविधिवत् रुपमा दर्ता भएको कृषक समूह सम्झनु पर्दछ ।

(झ)"सहकारी संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको सहकारी संस्था सम्झनु पर्दछ ।

(ञ)"समिति" भन्नाले दफा ८ अनुसार गठित प्राविधिक तथा मूल्याङ्कन समिति सम्झनु पर्दछ ।

(ट)"निजी क्षेत्र" प्रचलित कानून बमोजिम दर्ता भएको फर्म, कम्पनीलाई सम्झनु पर्दछ ।

४. <u>उद्देश्यः</u> यस कार्यविधि अनुसार संचालन हुने कार्यक्रमको उद्देश्यहरु देहाय बमोजिम हुनेछः-

(क) फलफूल खेतीको लागि संभाव्य जग्गाको सदुपयोग गरी फलफूलको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

(ख) फलफूल खेतीको व्यवसायिकरण गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने।

(ग) न्यून आय भएका कृषकहरुलाई रोजगारी तथा आय आर्जनका अवसरहरू श्रृजना गरी जीवनस्तरमा सुधार ल्याउन सहयोग पुऱ्याउने।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## परिच्छेद - २

## फलफूल खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन विधि

५. **फलफूल खेती प्रवर्द्धन कार्यक्रम संचालन प्रक्रिया र संलग्न निकायहरुः** (१) यस कार्यविधि अन्तर्गत फलफूल खेती उत्पादन कार्यक्रम संचालन गरिनेछ ।

(२) यस कार्यक्रम संचालनमा प्रवर्द्धनात्मक, उत्पादनमूलक, क्षमता विकास तथा अनुगमन लगायतका क्रियाकलापहरु सञ्चालन गरिनेछ।

(३) उपदफा (१) बमोजिम फलफूल खेती बिस्तार सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा निजी फर्म, कम्पनी, संस्था, समूह एवं सहकारीहरुलाई प्रतिस्पर्धाका आधारमा अनुदान उपलब्ध गराईनेछ ।

(४)फलफूल खेती विस्तार सम्बन्धी कार्यक्रम सञ्चालनको प्रमुख जिम्मेवारी निर्देशनालय मातहतका फार्म केन्द्रहरु र कृषि ज्ञान केन्द्रको हुनेछ। तत्सम्बन्धमा आवश्यक मार्गनिर्देशन, अनुगमन तथा निरीक्षण मन्त्रालय र निर्देशनालयले गर्नेछ।

६. **सूचना प्रकाशनः** (१) सम्बन्धीत केन्द्रहरुले कार्यक्रम सञ्चालनका लागि सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम तोकिएको ढाँचामा योग्यता पुगेका फार्म, कम्पनी, संस्था, समूह वा सहकारीहरुलाई फलफूल खेती विस्तारको लागि **अनुसूची-१** बमोजिमको प्रस्ताव आव्हानको सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजीमको सूचना प्रकाशन भएपछि योग्यता पुगेका ईच्छुक फार्म, कम्पनी, संस्था, समूह वा सहकारीहरुले उक्त सूचनामा तोकिएको समय सीमाभित्र **अनुसूची-२** अनुसारको कागजातहरु तथा **अनुसूची-३** अनुसारको प्रस्ताव संलग्न गरी केन्द्रहरुमा शिलबन्दी आवेदन प्रस्ताव पेश गर्नु पर्नेछ ।

७. **कार्यक्रम सञ्चालनमा मुख्य-मुख्य कृयाकलापहरु र संस्थागत योगदानः** स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही फलफूल खेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत सञ्चालन हुने मुख्य-मुख्य कृयाकलापहरु र संस्थागत अनुदान देहाए बमोजिम हुनेछः-

| क्र. सं. | कार्यक्रम विवरण | कृयाकलापहरु | अनुदान प्रतिशत बढीमा | जिम्मेवार पक्ष | कैफियत |
|---|---|---|---|---|---|
| १ | फलफूल बगैंचा क्षेत्र विस्तार | अनुसूची-७ बमोजीमको कृयाकलापहरु को प्याकेज | ७५ | फार्म, कम्पनी, संस्था, सहकारी, कृषक समूह, मन्त्रालय, निर्देशनालय | कृषि विभागबाट २०७४ बैशाख ८ मा प्रकाशित विभाग अन्तर्गतका कार्यालयहरुबाट कृषक, कृषक समूह, सहकारीले प्राप्त गर्न सक्ने अनुदान सम्बन्धी विवरणलाई आधार मानिएको । |
| २ | कृषि औजार उपकरण | सिकेचर, करौंती, स्प्रेयर (फुट तथा पावर), मिनी टिलर, घाँस काट्ने मेशीन, हेलनेट, उच्च प्रविधियुक्त सामग्रीहरु । | ७५ | फार्म, कम्पनी, संस्था, सहकारी, कृषक समूह, मन्त्रालय, निर्देशनालय | |
| ३ | परीक्षण सेवा | माटो परीक्षण, बीउ परीक्षण तथा वाली संरक्षण सेवा | ८५ | अनुदानग्राही तथा प्रयोगशालाहरु | कृषि विभागबाट २०७४ बैशाख ८ मा प्रकाशित विभाग अन्तर्गतका कार्यालयहरुबाट कृषक, कृषक समूह, सहकारीले प्राप्त गर्न |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | सक्ने अनुदान सम्बन्धी विवरणलाई आधार मानिएको । |
| ४ | सिंचाइ | पोखरी (प्लाष्टिक तथा सिमेण्ट),सिंचाइ पाईप , थोपा सिंचाइ तथा फोगर जडान, कूलो निर्माण तथा मर्मत | ८५ | फार्म, कम्पनी, संस्था, सहकारी, कृषक समूह, मन्त्रालय, निर्देशनालय | साना सिंचाई विशेष कार्यक्रम कार्यान्वयन निर्देशिका २०६१ लाई आधार मानिएको । |
| ५ | संरचना निर्माण | सेलार स्टोर, कोल्ड स्टोर, प्लाष्टिक घर, शिशा घर लगायतका अन्य संरचना निर्माण । | ८५ | फार्म, कम्पनी, संस्था, सहकारी, कृषक समूह, मन्त्रालय, निर्देशनालय | |
| ६ | अनुगमन तथा निरीक्षण | स्थानीय, प्रदेश निकायबाट | | मन्त्रालय र निर्देशनालय | |

नोट : आवश्यकता परेमा प्रस्तावकले केन्द्रहरु/फार्महरुको सहमतिमा अतिरिक्त कार्यक्रमहरु थप गर्न सक्नेछन् । यस अनुसार थप हुन आएका कृयाकलापहरुमा बढीमा ७५ प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ।

८.<u>प्राविधिक तथा मूल्याङ्कन समिति:</u> यस कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन एवं सञ्चालन गर्नका लागि देहाय बमोजिमको प्राविधिक तथा मूल्याङ्कन समिति हुनेछ ।

(क) प्रमुख, सम्वन्धीत फार्म/केन्द्र - संयोजक

(ख) विषय विज्ञ, सम्बन्धीत फार्म/केन्द्र - सदस्य

(ग) लेखा प्रमुख, सम्बन्धीत फार्म/केन्द्र - सदस्य

(घ) कानून अधिकृत, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - सदस्य

(ङ.) बागवानी विकास अधिकृत वा कार्यक्रम हेर्ने प्राविधिक कर्मचारी, सम्बन्धीत फार्म/केन्द्र - सदस्य सचिव

यस समितिले उपयुक्त देखेका विषयसग सम्बन्धीत २ जना विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।समितिले आवश्यकता अनुसार समन्वय गरी केन्द्रिय निकायका प्रतिनिधिहरुलाई समेत सहभागि गराउन सक्नेछ।

९. <u>प्राविधिक तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकारः</u> प्राविधिक तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) प्राविधिक तथा मूल्याङ्कन समितिले प्रस्ताव मूल्याङ्कन कार्यका लागि प्राविधिक तथा मूल्याङ्कन समितिका सदस्य मध्ये सम्बन्धीत केन्द्र वा कार्यालयका प्रमुख बाहेक अन्य वरिष्ठतम कर्मचारीको संयोजकत्वमा ३ सदस्यीय विज्ञसहितको एक मूल्याङ्कन उपसमिति गठन गर्न सक्नेछ ।

(ख) आफ्नो कमाण्ड क्षेत्रमा तोकिएको लक्ष अनुसार कार्य संचालन गर्न कार्यविधि एवं प्रचलित कानून बमोजिम रितपूर्वक दर्ता भएका प्रस्तावहरु मूल्याङ्कन गरी छनौट गर्ने ।

(ग) संचालित कार्यको अनुगमन गरी कार्यान्वयनका सम्बन्धमा मार्गदर्शन दिने र प्राविधिक सेवा समेत प्रदान गर्ने । छनौट भएका प्रस्तावहरुलाई स्वीकृत बजेटको परिधिभित्र अनुदान उपलब्ध गराउन स्वीकृति दिने ।

(घ) दफा ९ (क) अनुसार गठित उपसमितिले प्राप्त प्रस्तावहरुको मूल्याङ्कन सहित सिफारिस गरी पठाएका प्रस्तावहरुलाई स्वीकृत वा अस्वीकृत गर्ने।

(ङ) अनुदान रकमको विवरण पेश नगर्ने वा सदुपयोग नगर्ने अनुदानग्राहीलाई कारबाहीका लागि सिफारिस गर्ने।

(च) यस कार्यविधि अनुरुप अनुदान सम्वन्धी नीतिगत निर्णय गर्ने एवं देखा परेका समस्याको निराकरण गर्ने ।

१०. प्रस्ताव मूल्याङ्कन, छनौट र सम्झौताः (१) आफ्नो कमाण्ड क्षेत्रमा तोकिएको लक्ष्य अनुसार कार्य संचालन गर्न कार्यविधि एवं प्रचलित कानून बमोजिम रितपूर्वक दर्ता भएका प्रस्तावहरु दफा ८ बमोजिमको प्राविधिक तथा मूल्याङ्कन समिति मार्फत मूल्याङ्कन प्रक्रिया अगाडी बढाईनेछ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३, नेपाल
हेटौंडा, मकवानपुर

(२)दफा ९ (क) बमोजिमको मूल्याङ्कन उप-समितिले प्रारम्भिक मूल्याङ्कन गर्दा दफा ११ बमोजिमका न्यूनतम योग्यता पुगेका प्रस्तावहरु मात्र स्थलगत निरीक्षण र थप मूल्याङ्कनका लागि योग्य हुनेछन्।

(३)मूल्याङ्कन समितिले आवश्यकता अनुसार अनुसूची -४ मा तोकिएको शीर्षक र अङ्कभार भित्र रही थप मूल्याङ्कनका लागि उपशीर्षक निर्धारण गर्न सक्नेछ । तोकिएको शीर्षक अन्तर्गत अंक प्राप्त गर्नका लागि फलफूल खेती गर्ने कृषकहरुको नामावली तथा प्रस्तावित जग्गाको लालपूर्जाको फोटोकपी अनिवार्य पेश गर्नुपर्नेछ ।

(४)अनुगमनको क्रममा प्रस्तावमा पेश गरिएको विवरण झुठो ठहरिएमा, प्राविधिक रुपले अनुपयुक्त देखिएमा वा आवश्यक न्यूनतम योग्यता नपुगेको प्रमाणित भएमा सो प्रस्ताव अयोग्य ठहर गरी बाँकी प्रस्तावहरुको मूल्याङ्कन प्रक्रिया अगाडी बढाईनेछ ।

(५)दफा ९ (क) बमोजिम गठित मूल्याङ्कन उपसमितिले प्रचलित कानून बमोजिम प्रस्तावको मूल्याङ्कन गरी मूल्याङ्कनको नतिजा प्राविधिक तथा मूल्याङ्कन समिति समक्ष सिफारिस साथ पेश गर्नुपर्नेछ ।

(६)प्राविधिक तथा मूल्याङ्कन समितिले उपसमितिको प्रतिवेदनलाई समेत आधार मानी प्रस्ताव छनौटका लागि फार्म/केन्द्रका प्रमुखलाई सिफारिस गर्नेछ ।सो अनुसार अनुदानग्राहीहरुको छनौटको निर्णय सम्बन्धीतफार्म/केन्द्रले गर्नेछ ।

(७)स्वीकृत कार्यक्रमको परिधिभित्र रहि अनुसूची -४ बमोजिम मूल्याङ्कनमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्ताव कार्यक्रम सञ्चालनका लागि छनौट गरिनेछ ।

(८)कार्य सम्पन्न प्रतिवेदनको आधारमा अनुदानग्राहीको बैंक खाता मार्फत सम्झौता बमोजिमको रकम भुक्तानी गरिनेछ ।

(९)कार्यक्रम सञ्चालन गर्ने अनुदानग्राही संस्थाहरुसँग केन्द्रले अनुसूची -५ बमोजिम सम्झौता गरी कार्य सञ्चालन गर्नेछ ।

११. **प्रस्तावको योग्यता:** (क)प्रस्तावकका तर्फबाट प्रस्ताव पेश गर्न जिम्मेवारी तोकिएको व्यक्तिलाई प्रस्तावकले अख्तियारी दिएको पत्र र नीजको नागरिकताको प्रतिलिपी ।

(ख)सम्बन्धीत स्थानबाट संलग्न प्रस्ताव अनुसार कार्यक्रम सञ्चालन गर्न प्राविधिक रुपमा उपयुक्त रहेको र स्थानीय तहवाट आवश्यक सहयोगको प्रतिबद्धता पत्र ।

(ग)फार्म, कम्पनी, संस्था, समूह वा सहकारीको दर्ता प्रमाणपत्रको प्रतिलिपी, स्थायी लेखा नं., कर चुक्ता भएको प्रमाणपत्रको प्रतिलिपी ।

(घ)कार्यक्रम सञ्चालनका लागि कार्यक्रममा तोकिए बमोजिमको जग्गा एकै ब्लक म तथा सीमा जोडिएको हुनु पर्नेछ (उल्लेखित जग्गाको लालपूर्जाको प्रतिलिपी .र ट्रेस नक्साको प्रतिलिपी ) ।

(ड.)करारमा लिईएको जग्गाको हकमा न्यूनतम १५ वर्ष करार सम्झौता गरेको सम्झौताको प्रतिलिपी ।

परिच्छेद - ३

बजेट खर्च सम्बन्धी व्यवस्था

१२. **खर्च सम्बन्धी व्यवस्था:** (१) प्रचलित ऐन तथा नियमावलीको अधीनमा रही सूचना प्रकाशन, बैठक भत्ता, अनुगमन तथा मूल्याङ्कन, कार्यक्रम सञ्चालन लगायतका कार्यका लागि यसै कार्यक्रमको लागि बिनियोजित बजेटको १.५ प्रतिशतभन्दा बढी नहुने गरी सोही बजेटबाट व्यवस्थापन गरिनेछ।

(२) कार्यक्रम सञ्चालनको लागि उपलब्ध गराईने अनुदान रकम तथा खर्च यस कार्यविधिमा तोकिए बमोजिम हुनेछ ।(अनुसूची- ६)

(३) अनुदानग्राहीलाई बजेट तथा कार्यक्रमको परिधीभित्र रही अनुदान रकम उपलब्ध गराउने गरी प्रस्ताव आहान गर्न सकिनेछ ।

(४) अनुदानग्राहीहरुलाई कार्य सम्पन्न भएको प्रतिवेदन प्राप्त भएपछि सम्झौता बमोजिमको रकम नीजको बैंक खाता मार्फत भुक्तानी गरिनेछ ।

परिच्छेद - ४

अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. ३ हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

१३. <u>अनुगमन तथा मूल्याङ्कनः</u> मन्त्रालय,, सम्बन्धित फार्म/केन्द्र र स्थानीय तहबाट आवश्यकता अनुसार कार्यक्रमको अनुगमनहुनेछ।

१४. <u>प्रगति प्रतिवेदन पठाउनुपर्नेः</u> यस कार्यक्रमको प्रगति प्रतिवेदन सम्बन्धित फार्म/केन्द्रले निर्देशनालयमा पठाउनु पर्नेछ।

परिच्छेद - ५

<u>विविध</u>

१५. <u>प्रचलित कानून बमोजिम हुनेः</u> यस कार्यविधिमा व्यवस्था भएका विषयहरु यसै कार्यविधि र उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

१६. <u>बाली बिमाः</u> यस कार्यक्रमका अनुदानग्राहीहरुले बाली बिमा गर्नु पर्नेछ।

१७.<u>कारवाहीको व्यवस्थाः</u> अनुदानग्राहीले अनुदान दुरुपयोग गरेको पाईएमा नेपाल सरकारको प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

१८.<u>कार्यविधि संशोधन, परिमार्जन तथा खारेजीः</u> मन्त्रालयले यस कार्यविधिमा आवश्यक संशोधन, परिमार्जन तथा खारेजी गर्न सक्नेछ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची-१

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**फलफूल खेती कार्यक्रमको अनुदान सम्बन्धी प्रस्ताव आह्वानको सूचना**

सूचना । सूचना ।। सूचना ।।।

........................केन्द्रको आर्थिक वर्ष .................. को वार्षिक स्वीकृत कार्यक्रम अनुसार फलफूल खेती कार्यक्रमअन्तर्गत........................फलफूलमा अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा यस ..............केन्द्रको कार्यक्षेत्र भित्र रहेका............................. जिल्लाका ईच्छुकफार्म/कम्पनी/संस्था तथा समूह/सहकारीबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले २१ (एक्काईस) दिन भित्र अनुसूची-२ वमोजिमका कागजातहरु संलग्न राखी सम्बन्धित फार्म/केन्द्रमा आवेदन एवं प्रस्ताव बुझाउनु हुन अनुरोध छ । यस सम्बन्धमा थप जानकारीको लागि सम्बन्धित फार्म/केन्द्रमा सम्पर्क गर्न सक्नु हुनेछ ।

पुनश्चः- अनुदान प्राप्त गर्नको लागि कम्तीमा १ हे.(२० रोपनी) जमिनमा फलफूल खेती गरेको हुनुपर्नेछ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची-२

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

आवेदन फारम तथा संलग्न गर्नुपर्ने कागजातहरु

| रु. १० को हुलाक टिकट |
|---|

श्री प्रमुख ज्यू,

............................ केन्द्र,

............................

मेरो फार्म/कम्पनी/संस्था/ समूह/सहकारीवाट .............. गा.पा/न.पा ........... जिल्ला अन्तर्गत .......... स्थानमा ......... फलफूल बगैंचाको स्थापना गर्ने लक्ष रहेकोले सो का लागि लागत अनुमान रु.............सहित तपसिल बमोजिमका कागजातहरू राखी निवेदन पेश गरेको छु/ गरेका छौं ।

संलग्न कागजात

१. अनुसूची-२ अनुसारको आवेदन ।

२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

३. अनुसूची-३ अनुसार तयार गरिएको प्रस्ताव ।

४. सम्बन्धित स्थानीय तहबाट संलग्न प्रस्ताव अनुसार कार्यक्रम संचालन गर्न प्राविधिक रुपमा उपयुक्त रहेको सिफारिस पत्र ।

५. फार्म/कम्पनी/संस्था/समूह/सहकारीको दर्ता प्रमाणपत्र र नविकरण गरिएको प्रंमाणित प्रतिलिपी, स्थायी लेखा नं. र कर चुक्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

६. जग्गाको लालपूर्जा वा लिजमा लिएको भए सो को आधिकारिक पत्रको प्रतिलिपि ।न्यूनतम १५(पन्ध्र)वर्षको करार सम्झौता गरेको करारको प्रमाणित प्रतिलिपी ।

७. कार्यक्रम सञ्चालनका लागि कार्यक्रममा तोकिए बमोजिमको एकै ब्लक र सीमा जोडिएको प्रमाण (लालपूर्जाको प्रमाणित प्रतिलिपी र ट्रेस नक्शाको प्रमाणित प्रतिलिपी)।

८. तालिमको प्रमाणपत्रको प्रतिलिपी ।

१०. समूह/सहकारीको हकमा प्रत्येक सदस्यको फलफूल खेतीको विवरण ।

११. फलफूल खेती सम्बन्धी लागत ईष्टिमेट तथा बजारीकरण सम्बन्धी योजना ।

१२. फार्म, कम्पनी, संस्था, सहकारी तथा कृषक समूहले ब्यहोर्ने योगदान प्रतिशतको भरपर्दोआधारको रुपमा आवेदकको नाममा रहेको बैंक तथा बित्तिय संस्थामा रकम जम्मा रहेको प्रमाणको रुपमा स्टेटमेण्ट वा भौचर ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

निवेदक

दस्तखतः

नाम थरः

पदः

फार्म/कम्पनीः

ठेगानाः

फार्म/संस्थाको छापः

हस्ताक्षर गर्ने आधिकारिक व्यक्तिको दस्तखतः

अनुसूची-३

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

प्रस्तावको ढाँचा

१. फार्म/कम्पनी/संस्था तथा समूह/सहकारीको नामः

२. ठेगानाः

३. कार्यक्रम संचालन हुने क्षेत्रफलः

४. विस्तार हुन सक्ने क्षेत्रफलः

५. परियोजनाको पृष्ठभूमीः (संस्था एवं स्थान परिचय र अवस्था, उद्देश्य)

६. परियोजनाको उद्देश्यः (बढीमा ५ बुँदामा)

७. कार्य योजनाः क्रियाकलाप (के, कति, कहिले, कसरी, कस्ले)

८. बजार योजना

९. अपेक्षित प्रतिफलः (गणना गर्न सकिने मात्र)

१०. लागत बजेटः (टेबल बनाउन सकिने) (अन्तमा जम्मा, संस्थाबाट व्यहोर्ने, माग गरिएकोअनुदान)

११. बिरुवाको श्रोत र उपलब्धताको सुनिश्चितताको प्रमाणः

१२. दिगोपनको योजनाः (संरक्षण योजना, अन्य व्यवस्थापन कार्य ५ बर्षे कार्ययोजना)

१३. नयाँ सोच केही भए उल्लेख गर्नुहोस् .................

प्रस्तावक संस्थाको नामः

ठेगानाः

दस्तखत (अधिकार प्राप्त व्यक्तिको)

मितिः

संस्थाको छापः

नोटः प्रस्तुत संक्षिप्त ढाँचाको आधारमा विस्तृत रुपमा प्रस्ताव तयार गरी पेश गर्नु पर्नेछ ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश सरकार प्रदेश नं. ३ हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची - ४

(दफा १० को उपदफा(४) सँग सम्बन्धित)

प्रस्ताव छनौट मापदण्ड

**जम्मा पूर्णाङ्क: ४०**

१. कम्पनी/संस्था/फार्म रितपूर्वक दर्ता भएको हुनुपर्नेछ

२. भौगोलिक र वातावरणीय उपयुक्तता(५ अंक)- यसको लागि सम्बन्धित गाउँपालिका वा स्थानीय निकाय वा कृषि ज्ञान केन्द्रको सिफारिस ।

३. व्यवसाय विस्तारको प्रस्ताव

| फलफूल बाली | अकं(६) | अकं(८) | अकं(१०) | अकं(१२) |
|---|---|---|---|---|
| कागती/सुन्तला | १ हेक्टर | २ हेक्टर | ३ हेक्टर | ४ हेक्टर |
| अनार | १ हेक्टर | २ हेक्टर | ३ हेक्टर | ४ हेक्टर |
| आँप/लिची | १ हेक्टर | २ हेक्टर | ३ हेक्टर | ४ हेक्टर |
| अंगुर | १ हेक्टर | २ हेक्टर | ३ हेक्टर | ४ हेक्टर |
| किवी | १ हेक्टर | २ हेक्टर | ३ हेक्टर | ४ हेक्टर |
| स्याउ | १ हेक्टर | २ हेक्टर | ३ हेक्टर | ४ हेक्टर |

४. जग्गाको स्वामित्व (१०अंक)

| विवरण | अंक (१०) | अंक (८) |
|---|---|---|
| जग्गाको स्वामित्वको किसिम | सञ्चालक तथा कम्पनीको आफ्नो जग्गा वा शेयरवालाको स्वामित्वमा रहेको जग्गा | करार गरी भाडामा लिएको ज़ग्गा |

५. आवेदकको प्राविधिक ज्ञान, अनुभव र दक्षता (६अंक)

| विवरण | अंक(६) | अंक(४) | अंक(२) |
|---|---|---|---|
| प्राविधिक ज्ञान, अनुभव र दक्षता | कृषि स्नातक वा सो भन्दा माथि | कृषि प्रमाणपत्र तह वा जे.टि./जे.टि.ए. | कृषि सम्बन्धि तालिम |

६. बजार योजना (२ अंक)

- फलफूलको वजारीकरण गरी आयआर्जन गर्ने कार्ययोजना (बिक्री वितरण योजना) ।

७. लगानीको श्रोतमा अन्य निकायको सहभागिता रहेको प्रमाण पेश गरेमा २ अंक र पेश नगरेमा तथा गत वर्षहरुमा कार्यक्रम पाएको देखिएमा ० अंक।

८. व्यवसायिक योजना (३ अंक)

- लागत ईष्टिमेट वा व्यवसायिक कार्ययोजना कम्तीमा ५ वर्ष देखि बिरुवाको उत्पादनशील उमेर सम्म हुने खर्च।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची-५

(दफा १० को उपदफा (१०) सँग सम्बन्धित)

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## फलफूल खेती प्रवर्द्धन कार्यक्रम संचालनको लागि गरिने सम्झौता- पत्र

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. ३, कृषि विकास निर्देशनालय, ............केन्द्र बाट संचालन गरिने चालु आ.व. ०७५/०७६ को फलफूल खेती प्रवर्द्धन कार्यक्रम संचालन गर्न ..............केन्द्र (यस भन्दा पछाडी पहिलो पक्ष भनिने), र ..................... फार्म/कम्पनी/संस्था तथा समूह/सहकारी (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) का बीच तपसिलका शर्तहरु पालना गर्ने गरी सम्झौता गरी१/१प्रति बुझिलियौं/दियौं ।

१. सम्झौता भएको मिति देखि यो सम्झौता प्रारम्भ भएको मानिनेछ ।

२. दोश्रो पक्षले स्वीकृत प्रस्तावमा उल्लेख भए बमोजिमका कार्यहरु कार्ययोजना बमोजिम गर्नु पर्नेछ ।

३. दोश्रो पक्षले ................खेती कम्तीमा ................ जग्गामा लगाएको हुनुपर्नेछ ।

४. पहिलो पक्षले समझौतामा उल्लेख भए अनुसारको अनुदान रकम कार्य सम्पन्न प्रतिवेदन (फोटो तथा Visual) को आधारमा एकमुष्ट/................. किस्तामा उपलब्ध गराईनेछ ।

५. अनुदान बापत रु .............. (अक्षरेपी...............) मा १.५% कन्टिन्जेन्सी वापतको रु ........ र नियमानुसार करकट्टी गरी पहिलो पक्षले दोश्रो पक्षलाई भुक्तानी दिनेछ ।

६. पहिलो पक्षले दोश्रो पक्षलाई फलफूल खेती सम्वन्धी आवश्यक प्राविधिक सेवा सल्लाह प्रदान गर्नेछ ।तर दोश्रो पक्षले आवश्यकता अनुसार अन्य व्यक्ति वा संघ संस्थाबाट समेत प्राविधिक सेवा सल्लाह लिन सक्नेछ ।

७. पहिलो पक्षले नियमित रुपमा कार्यक्रमको अनुगमन गर्नेछ ।

८. यो सम्झौता अनुसार तोकिएको अवधिमा कार्य सम्पन्न गर्नुपर्नेछ, नगरेमा पहिलो पक्षले दोश्रो पक्षलाई भुक्तानी दिन बाध्य हुनेछैन ।

९. दोश्रो पक्षले सम्झौता बमोजिम कार्य नगरेको वा अनुदान रकमको दुरुपयोग गरेको पाइएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१०. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

पहिलो पक्ष

................केन्द्रको तर्फबाट

नामः

पदः

दस्तखतः

मितिः

कार्यालयको छापः

दोस्रो पक्ष

फार्म/कम्पनी/संस्था तथा समूह/सहकारीको

तर्फबाट

नामः

पदः

दस्तखतः

मितिः

संस्थाको छापः

अनुसूची-६

(दफा १२ को उपदफा (२) सँग सम्बन्धित)

विभिन्न फलफूल बालीको उत्पादन प्याकेज प्रति हेक्टर

| क्र. सं. | कृयाकलाप | ईकाई | आँप | लिची | अनार | कागती | अंगुर | सुन्तला | किवी | स्याउ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बगैंचा रेखाङ्कन गर्न आवश्यक सामग्री (बाँसको किल्ला, डोरी टेप आदी) | रु | | | | | | | | |
| २ | बगैंचा रेखाङ्कन गर्ने, बिरुवा रोप्ने, खाडल खन्ने, मल मिसाउने तथा पुर्ने र टेका तथा छापो राख्ने ज्यामी | संख्या | ४५ | ६० | १०० | १२० | ४५ | १०० | १२० | १०० |
| ३ | बिरुवा व्यवस्थापनको | संख्या | १० | १५० | ३०० | ४०० | १०० | ३०० | ४०० | ३०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | लागि चाहिने ज्यामी | | ० | | | | | | | |
| ४ | खाडल तयारी गर्दा प्रयोग गर्ने मलखाद (प्रति हेक्टर) | | | | | | | | | |
| | कम्पोष्ट वा गोवरमल | मे.टन | २० | ३० | ३० | ४० | २० | ३० | ४० | ३० |
| | युरिया | के.जी. | १०० | १५० | ३०० | ४०० | १०० | ३०० | ४०० | ३०० |
| | डि.ए.पी. | के.जी. | ५० | ७५ | १५० | २०० | ५० | १५० | २०० | १५० |
| | पोटास | के.जी. | ५० | ७५ | १५० | २०० | १०० | ३०० | ४०० | ३०० |
| ५ | बिरुवालाई टेका दिने, पाईप तथा तार फिटिङ्ग र छापो व्यवस्थापन | रु | | | | | | | | |
| ६ | कृषि औजार उपकरण (सिकेचर, करौंती, स्प्रेयर) तथा कीटनाशक र रोगनाशक विपादी खरिद | रु | | | | | | | | |
| ७ | सिंचाई पाईप १ ईञ्चको | मिटर | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| ८ | बिरुवा तथा सामग्री ढुवानी | रु | | | | | | | | |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

**नोटः माथी उल्लेख भए देखि बाहेकका उत्पादन सामग्री वा औजार आवश्यक भए थप गर्न सकिनेछ । कृषि उत्पादन सामग्रीहरु तथा ज्यामी ज्याला जिल्ला दररेट अनुसार राखे ।**

मेशीनरी औजारको प्रस्तावकले जनश्रम भन्दा न्यून हुने संख्या तथा लागत कम गरी प्रस्ताव गर्नुपर्नेछ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल